**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी आज दुई दिवसीय भ्रमणका लागि माल्दिभ्स पुग्नु हुनेछ ।
- वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत-ब्रिटेन मुक्त व्यापार सम्झौता एक ऐतिहासिक सम्झौता भएको बताउनु भएको छ I
- जल शक्ति मन्त्री सी.आर. पाटिलले हिजो नयाँ दिल्लीमा गंगा र यसका सहायक नदीहरूको वातावरणीय प्रवाह सम्बन्धी एक बैठक गर्नु भयो।
- नेपाल सरकारले लामो समयदेखि खडेरीका कारण गम्भीर पानीको संकट रहेको उल्लेख गर्दै केन्द्रीय मन्त्रिपरिषद् बैठकमा मधेश प्रदेशलाई आपदाग्रस्त क्षेत्र घोषणा गरेको छ।

**प्रधानमंत्री-मालदीव**

प्रधानमन्त्री नरेन्द्र मोदी आज दुई दिवसीय भ्रमणका लागि माल्दिभ्स पुग्नु हुनेछ । नोभेम्बर २०२३ मा राष्ट्रपति डा. मोहम्मद मुइज्जुले पदभार ग्रहण गरेपछि श्री मोदीको माल्दिभ्सको यो पहिलो र समग्रमा तेस्रो भ्रमण हो।

BYTE

माल्दिभ्सका लागि भारतका उच्चायुक्त जी. बालासुब्रमण्यमले डा. मुइज्जुको कार्यकालमा श्री मोदी माल्दिभ्सको राजकीय भ्रमण गर्ने पहिलो सरकार प्रमुख भएको बताउनु भएको छ । श्री बालासुब्रमण्यमले भन्नु भयो, दुई नेताहरूले 'व्यापक आर्थिक र समुद्री सुरक्षा साझेदारी' को लागि भारत-माल्दिभ्स संयुक्त दृष्टिकोणको कार्यान्वयनमा भएको प्रगतिको पनि समीक्षा गर्नेछन्। श्री बालासुब्रमण्यमले भन्नु भयो, भारत माल्दिभ्सको विकास यात्रामा एक महत्वपूर्ण साझेदार रहेको छ।

BYTE

**पियुष गोयल**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले भारत-ब्रिटेन मुक्त व्यापार सम्झौता एक ऐतिहासिक सम्झौता भएको, जसले व्यापार, लगानी र रोजगारीलाई बढावा दिने बताउनु भएको छ । लन्डनमा प्रसार भारती संवाददातासँग कुरा गर्नु हुदै उहाले भन्नु भयो, यो अभूतपूर्व सम्झौताले किसान, साना व्यापारी, एम.एस.एम.ई क्षेत्र, स्टार्टअप र अन्य सेवा क्षेत्रहरूलाई फाइदा पुऱ्याउनेछ।

BYTE

श्री गोयलले भन्नु भयो, आफ्नो टोलीले यस सम्झौतामा तीन वर्षभन्दा बढी समयदेखि काम गरिरहेको छ, जुन भारतको विकास यात्राको लागि महत्त्वपूर्ण छ। यो सम्झौताले भारतीय पेशेवरहरू, शिक्षा, कृषि, खाद्य प्रशोधन उत्पादनहरू आदिका लागि ब्रिटेनको बजार खोल्नेछ।श्री गोयलले भन्नु भयो, यो सम्झौता तीन वर्षको लागि छोटो अवधिको रोजगारीको उद्देश्यले ब्रिटेन आउने भारतीयहरूका लागि पनि लाभदायक छ। उहाले अब त्यस्ता व्यक्तिहरूले सामाजिक सुरक्षा निधिका लागि भुक्तान गर्नु पर्दैन ।

**जल शक्ति नदी**

जल शक्ति मन्त्री सी.आर. पाटिलले हिजो नयाँ दिल्लीमा गंगा र यसका सहायक नदीहरूको वातावरणीय प्रवाह सम्बन्धी एक बैठक गर्नु भयो। उहाँले नदी पारिस्थितिक प्रणाली सुरक्षित गर्न र जलस्रोतहरूको सन्तुलित प्रयोग गर्न नदीहरूमा पानीको प्रवाह

बढाउन व्यापक योजना आवश्यक रहेको बताउनु भयो। श्री पाटिलले जहाँ अत्यधिक पानी प्रयोग र प्रदूषणको चुनौतीहरू छन् ती क्षेत्रहरुमा यमुनाको पानीको प्रवाह सुधार गर्न ठोस योजना आवश्यक रहेको बताउनुभयो ।

**पीएम – रूस विमान दुर्घटना**

प्रधानमन्त्री नरेन्द्र मोदीले रूसमा भएको विमान दुर्घटनामा परि मानिसहरुको मृत्यु भएकोमा दुख व्यक्त गर्नु भएको छ I श्री मोदीले आफ्नो सन्देशमा दुर्घटनामा मृत्यु भएका मानिसहरुको परिवारप्रति समवेदना व्यक्त गर्नु भएको छ I उहाले भन्नु भयो, भार, रूस अनि त्यहाका मानिसहरुसंग खडा रहेका छन् I

**सीआईआई-भारत-ब्रिटेन-एफटीए**

भारतीय उद्योग परिसंघले भारत-ब्रिटेन मुक्त व्यापार सम्झौताको स्वागत गरेको छ र यसलाई द्विपक्षीय आर्थिक सम्बन्धका लागि महत्त्वपूर्ण रहेको बताएको छ। भारती इन्टरप्राइजेजका संस्थापक सुनील भारती मित्तलले यो सम्झौताले नवप्रवर्तन, बजार पहुँच र लगानीलाई बढावा दिने बताउनु भयो , जसले भारत र ब्रिटेन दुवैलाई लाभ पुर्‍याउनेछ। कन्फेडेरेसनका महानिर्देशक चन्द्रजित बनर्जीले यो सम्झौताले दुई देशका व्यवसायहरू बीच समावेशी वृद्धि, नियामक सहयोग र अर्को पुस्ताको साझेदारीको जग बसाल्ने बताउनु भयो ।

**ओडिशा-औद्योगिक परियोजना**

ओडिशा सरकारले हिज १२ जिल्लामा २३ वटा नयाँ महत्वपूर्ण औद्योगिक परियोजनाहरूलाई अनुमोदन गरेको छ जसमा लगभग ५ हजार करोड रुपियाँको कुल लगानी हुनेछ। एक आधिकारिक विज्ञप्तिमा, राज्य सरकारले यसलाई २०३६ सम्ममा समृद्ध ओडिशाको भविष्यको योजनालाई साकार पार्ने दिशामा एक महत्वपूर्ण कदम रहेको बताएको छ। विज्ञप्तिमा भनिएको छ,बलियो लगानी इकोसिस्टम स्थापना गर्ने प्रतिबद्धतालाई पुन: पुष्टि गर्दै, मुख्य सचिव मनोज आहुजाको अध्यक्षतामा राज्यस्तरीय एकल विन्डो क्लियरेन्स प्राधिकरणको १३८ औं बैठकमा ४ हजार ९ सय ८२ करोड ६६ लाख रुपियाँको २३ वटा नयाँ लगानी प्रस्तावहरू अनुमोदन गरिएको छ। यसले राज्यका १२ जिल्लाहरूमा ११ हजार ९ सय ३३ रोजगारी सिर्जना गर्ने सम्भावना छ।

**प्रधानमंत्री विकास बैठक**

प्रधानमंत्री विरासतका संवर्धन अर्थात पीएम विकास योजना अन्तर्गत अधिकार सम्पन्न समितिको तेस्रो बैठक हिजो नयाँ दिल्लीमा सम्पन्न भयो। बैठकमा सरकारी निकाय, सार्वजनिक क्षेत्रका उपक्रम, विश्वविद्यालय र सामुदायिक संस्थाहरूबाट प्राविधिक सीप, उद्यमशीलता र सांस्कृतिक संरक्षणमा केन्द्रित १५ वटा प्रस्तावहरूको मूल्याङ्कन गरिएको थियो। पीएम विकास योजना अन्तर्गत, राष्ट्रिय अल्पसंख्यक विकास तथा वित्त निगम मार्फत अल्पसंख्यकहरूको उत्थानको लागि ऋण सुविधा प्रदान गरिन्छ।

**नागालैंड-अपोलो अस्पताल**

राष्ट्रिय बाल स्वास्थ्य कार्यक्रम अन्तर्गत राष्ट्रिय स्वास्थ्य मिसन नागाल्याण्डले एक वर्षदेखि १८ वर्ष मुनिका बालबालिकाहरूमा जन्मजात मुटु रोगहरूको स्क्रिनिङ र उपचारका लागि अपोलो बाल अस्पताल, चेन्नईसँग सम्झौता पत्रमा हस्ताक्षर गरेको छ। सम्झौता पत्र अन्तर्गत, राष्ट्रिय स्वास्थ्य मिसनले स्क्रिनिङ शिविरहरू आयोजना गर्नेछ र उपचार आवश्यक पर्ने बालबालिकाहरूलाई अपोलो अस्पताल, चेन्नईमा रिफर गरिनेछ। राष्ट्रिय बाल स्वास्थ्य कार्यक्रमको मापदण्ड अनुसार खर्च वहन गरिनेछ भने अतिरिक्त रकम अपोलो अस्पताल च्यारिटेबल ट्रस्टले प्रदान गर्नेछ। प्रत्येक बिरामीको लागि एक जना परिचारिकालाई नि:शुल्क आवास प्रदान गरिनेछ। सम्झौता पत्र अन्तर्गत, सरकारी डाक्टरहरू र सहयोगी कर्मचारीहरूलाई बाल रोग विज्ञानमा तालिम पनि प्रदान गरिनेछ।

**मौसम**

मौसम विभागले आज ओडिशा, पश्चिम बंगाल, छत्तीसगढ र महाराष्ट्रका केही भागमा अत्यधिक वर्षाको लागि रेड अलर्ट जारी गरेको छ। मध्य प्रदेश, विदर्भ, छत्तीसगढ, ओडिशा, पश्चिम बंगालको गंगीय क्षेत्र र झारखण्डमा २८ जुलाईसम्म भारी वर्षा जारी रहने अनुमान गरिएको छ। हिमाचल प्रदेश, उत्तराखण्ड, पूर्वी राजस्थान, उत्तर प्रदेश, कोंकण र गोवामा पनि यही अवस्था यस महिनाको अन्त्यसम्म रहनेछ। आगामी पाँच दिनमा केरला, माहे र कर्नाटकको तटीय तथा दक्षिणी भित्री क्षेत्रमा भारी वर्षा जारी रहनेछ। आज दिल्ली र राष्ट्रिय राजधानी क्षेत्रमा मेघ गर्जनसहित आँधीबेहरी आउने सम्भावना छ।

**नेपाल-आपदा क्षेत्र**

नेपाल सरकारले लामो समयदेखि खडेरीका कारण गम्भीर पानीको संकट रहेको उल्लेख गर्दै केन्द्रीय मन्त्रिपरिषद् बैठकमा मधेश प्रदेशलाई आपदाग्रस्त क्षेत्र घोषणा गरेको छ। सरकारले आपदा जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०१७ को धारा ३२ को उपधारा १ अन्तर्गत यो घोषणा गरेको हो। जल आपूर्ति एवं स्वच्छता मंत्रालय अनुसार गृह मंत्रालयको प्रस्तावको आधारमा यो निर्णय लिएको हो । लामो समयदेखि वर्षा नहुँदा प्रदेशका आठै जिल्ला प्रभावित छन्। यसका कारण त्यहाँको भूजल स्तरमा गिरावट आउँदा सिँचाइ प्रणालीमा नराम्रो असर परेको छ। मध्य मनसुनमा तराई क्षेत्रका पानीका स्रोतहरू सुकेका छन्, जसले गर्दा मानिसहरूलाई पिउने र सिँचाइको पानीको गम्भीर अभाव भएको छ। त्यहाँका खेतीपाती र पहिले नै रोपिएका बिरुवाहरू सुकेका छन्। नेपालको अन्न भण्डार भनिने तराई क्षेत्र कृषि संकटको संघारमा छ। त्यहाँका कुनै पनि किसानले अहिलेसम्म आफ्नो खेतमा धान रोप्न सकेका छैनन्।

**हल्क होगन निधन**

प्रसिद्ध रेसलर हल्क होगनको अमेरिकाको फ्लोरिडामा ७१ वर्षको उमेरमा निधन भएको छ। होगनले कुस्तीमा छ वर्ल्ड रेसलिंग एंटरटेनमेंट च्याम्पियनशिप जितेका थिए। वर्ल्ड रेस्लिङ इन्टरटेनमेन्टले सामाजिक सञ्जाल पोस्टमा भनेको छ , होगनले १९८० को दशकमा आफ्नो संस्थालाई विश्वव्यापी मान्यता दिएका थिए। होगनले हलिउड फिल्म, टेलिभिजन कार्यक्रम र आफ्नै एनिमेटेड श्रृंखलामा पनि भूमिका निर्वाह गरेका थिए।

****** ० ******